# भूमे साप्ताहिक

वर्ष ५ अङ्क २० २०८० भदौ १३ बुधबार

सम्पादकीय

## मातृ तथा शिशु मृत्यु रोक्न सार्थक पहल गरौं

पछिल्ला केही दिनका घटना मात्रै हेर्ने हो भने पनि भौगोलिक रुपमा विकट ग्रामीण क्षेत्रमा अझैं गर्भवती र सुत्केरी आमाहरुको अवस्था भयावह देखिन्छ। वर्षायाम यता मात्रै जिल्लामा कतिपय अस्पताल लिदालिदै गर्भमै त कतिपय जन्मेपछि शिशुहरुको मृत्यु भएको छ भने अत्यधिक रक्तस्राव भएर केही आमाहरुले पनि अकालमा ज्यान गुमाउनु परेको छ। समयमै अस्पताल पुयाउन नसक्नु, दुर्गम पहाडी क्षेत्रमा सडकको सुविधा नहुनु, नजिकै सुविधासम्पन्न अस्पताल वा वर्थिङ सेन्टर नहुनु, भएका स्वास्थ्य चौकी र प्राथमिक स्वास्थ्य केन्द्रमा अनुभवी र दक्ष स्वास्थ्यकर्मी नहुनुले अकालमा मातृ तथा शिशुको ज्यान जाने गरेको छ।

पर्याप्त स्वास्थ्य सुविधा र स्वास्थ्यकर्मी नहुनु एउटा पक्ष छँदैछ। त्यो भन्दा डरलाग्दो र भयावह अवस्था के छ भने ग्रामीण क्षेत्रका बासिन्दाहरुले अझैं पनि नियमित स्वास्थ्य चेक जाँचका चासो नदेखिनु, स्वास्थ्य सेवा लिनेभन्दा धामी झाँक्रीको भर पर्नु, स्वास्थ्यकर्मीले दिएको समयको हेक्का नराख्नुजस्ता कारणले पनि पेटमै बच्चाको मृत्यु हुने, अत्यधिक रक्तस्राव भएर आमाको समेत जीवन अप्ठ्यारोमा पर्ने स्थिति देखिएको छ।

अकालमा हुने मातृ तथा शिशु मृत्यु रोक्न राज्यका तर्फबाट संघ, प्रदेश र स्थानीय सरकारले स्वास्थ्य क्षेत्रमा प्रशस्त बजेट छुट्याउने, दुर्गम क्षेत्रका गर्भवती महिलाको स्वास्थ्य अवस्था समयमै चेकजाँच गरी सुविधासम्पन्न अस्पताल रिफर गर्ने, हेलिकोप्टर होस् वा एम्बुलेन्सबाट जस्तोसुकै अवस्थामा पनि उद्धार गर्न सक्ने संयन्त्रको विकास गर्न ढिलाइ गर्नु हुँदैन। दुर्गम भेगका नागरिकले अझैं पनि भूतप्रेतजस्ता अन्धविश्वासमा परी स्वास्थ्यचौकी, अस्पताल लिनेभन्दा गर्भवती र सुत्केरी महिलालाई घरमै राखेर झारफुक गर्न लाग्नु विज्ञान प्रविधिको आजको युगमा लज्जाको विषय हो। त्यसैले गाउँ गाउँमा स्वास्थ्य सचेतना जगाई गर्भवती महिलाहरुको नियमित चेक, जाँच र अस्पतालमै सुत्केरी गराउन अभियान नै चलाउन आवश्यक छ। यसतर्फ सबैले सचेत पहलकदमी लिन ढिला भइसकेको छ।



प्रकाशक

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# वडाको आफ्नै भवन नहुँदा सेवा प्रवाहमा समस्या



❖ **बालाराम शेर्पाली**

रुकुम पूर्व । आफ्नै प्रशासनिक भवन नहुँदा भूमे गाउँपालिकाका ८ वटा वडा कार्यालय भाडाको घरबाट सञ्चालन भइरहेका छन्। वडा नम्बर ९ को कार्यालय भने चुनबाङस्थित आफ्नै प्रशासनिक भवनबाट सञ्चालन भइरहेको छ।

वडा कार्यालयको आफ्नै प्रशासनिक भवन नहुँदा निकै सास्ती ब्यहोर्नु परेको जनप्रतिनिधि तथा वडा कार्यालयमा खट्ने कर्मचारीहरुको गुनासो छ। कुनै वडामा खाली घर भाडा लिएर सेवा प्रवाह गर्नुपरेको छ भने कुनैमा त माथिल्लो तलामा वडा कार्यालय छ भने तल्लो तलामा घरबेटी बस्ने अवस्था रहेको छ।

भूमे गाउँपालिकाले क्रमशः वडाको प्रशासनिक भवन बनाउने योजना अगाडि बढाएको जनाएको छ। योजना अनुसार २ बर्षमा पूरा गर्ने गरी भूमे गाउँपालिका वडा नम्बर १ को भवन निर्माणको

जिम्मा शुभम् भट्टराई जे.भी.ले २०८०/०२/०४ गते सम्झौता गरेको छ। सम्झौतामा २०८२/०२/०४ मा भवन निर्माण गरि सक्ने जिम्मा लिएको गाउँपालिकाका सूचना प्रविधि प्रमुख जनक वलीले जानकारी दिनुभयो।

भूमे गाउँपालिका वडा नं. १ लुकुममा २ बर्ष भित्रमा पूरा गर्ने गरी वडा कार्यालय भवन निर्माण कार्य तिव्र गतिमा भइरहेको छ । उक्त भवन लुकुमको मध्यपहाडी लोकमार्गबाट ५० मिटर नजिकै ३ रोपनी क्षेत्रफलमा निर्माण भइरहेको वडा अध्यक्ष मनकाजी पुनमगरले बताउनु भयो।

निर्माण कम्पनीले भवन निर्माण गरी हस्तान्तरण गरेपछि जनतालाई सहज र सरल रुपमा सेवा दिने वडा अध्यक्ष पुनले बताउनु भयो। हाल भवनको एक तलाको काम सकिएको छ। वडा अध्यक्ष पुनका अनुसार वडा कार्यालय भवन २ तलाको हुनेछ। २ करोड ३० लाख रुपैयाँमा उक्त कम्पनीले भवनको ठेक्का लिएको थियो।

# भूमेमा गत आ.व.मा ५७ लाख राजश्व संकलन

रुकुम (पूर्व) । गत आर्थिक वर्षमा भूमे गाउँपालिकामा ५७ लाख ६८ हजार ७ सय ३९ रुपियाँ ६३ पैसा राजश्व सङ्कलन भएको छ।

भुमिकर/मालपोत वहाल कर, कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लागेको कर, अन्य कर, सरकारी सम्पत्ति वहालबाट प्राप्त आय कर, न्यायिक दस्तूर, परीक्षा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, सिफारीस दस्तुर, व्यक्तिगत घटना दर्ता, नाता प्रमाणित, अन्य दस्तुर, व्यवसाय रजिष्ट्रेशन, जलस्रोत सम्बन्धी र अन्य गरि उक्त राजस्व सङ्कलन भएको भूमे गाउँपालिकाका लेखा अधिकृत गणेश ओलीले जानकारी दिनुभयो।

यस्तै वडाहरुबाट सबैभन्दा बढी राजश्व सङ्कलन २ नम्बर वडाबाट भएको छ। वडा नं. १ को लुकुमबाट ३ लाख ९८ हजार ८ सय २८ रुपैयाँ र वडा नं २ काँक्रीबाट ५ लाख ५७ हजार ९ सय ९२ रुपैयाँ ९३ पैसा जम्मा भएको छ। यसैगरी सिमाबाट ३ लाख २६ हजार रहेको छ। वडा नं ४ बाट १ लाख ५८ हजार ३ सय ८२ रुपैयाँ ७४ पैसा र वडा नं ५ बाट १ लाख ५६ हजार शून्य ५८ जम्मा भएको छ।

यसैगरि वडा नं ६ मा ३ लाख २३ हजार ९ सय ८० रुपैयाँ र वडा नं ७ बाट ३ लाख २२ हजार ६ सय ५५ रुपैयाँ जम्मा भएको छ। यस्तै वडा नं ८ मा २ लाख १७ हजार ९ सय २२ रुपैयाँ ९५ पैसा र वडा नं ९ मा ५ लाख १९ हजार ९ सय १४ रुपैयाँ ७० पैसा गाउँपालिका र भूमे ९ वटै वडाहरुबाट राजश्व सङ्कलन भएको लेखा अधिकृत ओलीले जानकारी दिनुभयो।

# ग्राभिटी गुड्स रोप-वेले किसानलाई राहत



❖ **भूमे समाचारदाता**

रुकुम (पूर्व) । रुकुम(पूर्व) मा ग्राभिटी गुड्स रुपवेले किसानलाई सहज भएको छ। जिल्लाको भूमे गाउँपालिका वडा नम्बर ४ र ८ मा निर्माण भएको ग्राभिटी गुड्स रुपवेले ८ नम्बर वडाका किसानलाई सहज बनाएको हो। विगतमा एक डोको तरकारी बिक्री गरेर घर फर्कन एक दिन लाग्ने गरेकोमा रुपवेको कारण अचेल किसानको आधाभन्दा बढी समय बचत हुने गरेको छ।

अहिले भूमे गाउँपालिका-८ कुचिबाङका किसानले आफुले बारीमा उत्पादन गरेको तरकारी प्याक गरेर रुपवेमार्फत् दुई मिनेटमा भूमे-४ को काँडा बगरमा पु-याउँछन्। जुन ठाउँबाट डोकोमा बोकेर काँडा बगरसम्म पु-याउँदा पहिले पैदल ३ देखि ४ घण्टा हिड्नुपरेको कुचिबाङका किसान धनबहादुर बुढाले बताउनु भयो। "सडक सुविधा छैन्, हाम्रो गाउँमा भर्खर ट्र्याक ओपन गरिएको छ", उहाँले भन्नुभयो, "ट्र्याक ओपन गरिएको बाटोमा गाडी नजाने भएपछि हामीले बिहान ९ बजेतिर खाना खाएर एक डोको तरकारी बोकी पैदल खाबाङ, रुकुमकोट लगायतका ठाउँमा जाने गर्थ्यौं।" तरकारी बजार पु-याएर फर्कदा बाटोमै झमक्कै रात पर्ने गरेको उहाँले सुनाउनु भयो।

कुचिबाङकै अर्का किसान झलक रोकाले तरकारी प्रशस्त उत्पादन हुने सम्भावना भएर पनि बजार

पु-याउन कठिन हुने भएकाले यहाँका किसानले तरकारी खेती नगरेको बताउनु भयो। कुचिबाङका किसानलाई लक्षित गरेर रोपवे निर्माणको काम सुरु गरेपछि भने यहाँका किसानले तरकारी खेती गरेको र अहिले प्रशस्त मात्रामा तरकारी उत्पादन भएको रोकाले बताउनु भयो। "कुचिबाङमा बन्दा, काउली, मुला, काँक्रा प्रशस्त मात्रामा उत्पादन भएको छ", उहाँले भन्नुभयो, "बारीबाट तरकारी टिपेर प्याक गरी रोपवेमार्फत् अचेल दुई मिनेटमा काँडा बगर पु-याउने गरेका छौं। " काँडा बगरमा पुगेको तरकारी खाबाङ, रुकुमकोट लगायतको ठाउँमा जाने गरेको उहाँको भनाई छ।

उहाँहरुजस्तै भूमे-८ का कुचिबाङ, मैबाङ, झिम्का, हाडी लगायतका ठाउँका २ सय ४२ घरधुरी किसानलाई रोपवेले आफूले उत्पादन गरेको कृषि



उपज बजारसम्म पु-याउन निकै राहत मिलेको स्थानीयबासी बताउँछन्। मावि कुचिबाङका लेखापाल डिल्ली बुढाक्षेत्रीले विगतमा बर्खाको समयमा दिवा खाजा कार्यक्रमको सामान बोकेर विद्यालयसम्म पु-याउन मुस्किल हुने गरेको बताउँदै यस वर्ष सजिलै रोपवेमार्फत् आवश्यक सामान विद्यालयमा पु-याएको बताउनु भयो।

रुकुम (पूर्व)को भूमे गाउँपालिका ४ काँडा बगर देखि भूमे ८ कुचिबाङसम्म एक हजार एक सय ४४ मिटर लामो रोपवे निर्माण गरिएको छ। युके एडको आर्थिक सहयोग, विकास सरोकार समाज र प्राक्टिकल याक्सनको समन्वयमा ग्राभिटी गुड्स रोपवेको निर्माण गरिएको हो। यूके एडको ४३ लाख ३२ हजार ३ सय ९१ र बाँकी श्रमदान गरी जम्मा ४८ लाख ६८ हजार ६ सय ४७ रुपैयाँ लागतमा रोपवे निर्माण गरिएको हो। गत वर्ष माघ २३ मा सुरु भएको रोपवे निर्माणको काम गएको वैशाख २९ मा सम्पन्न भएको रोपवे नेपालका प्राविधिक शोभाकान्त काफ्लेले जानकारी दिनुभयो। रोपवेको औपचारिक उद्घघाटन भने भदौ ६ गते गरिएको छ। यो बीचमा रोपवे परिक्षण, संचालनको लागि दुई जना अपरेटरलाई तालिम प्रदान गर्ने लगायतका काम गरिएको काफ्लेले बताउनु भयो। रोपवेको वारेन्टी १५ वर्ष रहेको बताइएको छ।

प्राक्टिकल एक्सन नेपाल समुन्ती परियोजनाका प्रमुख देवदत्त भट्टले लुम्बिनी प्रदेशमा निर्माण गरेको ग्राभिटी गुड्स रुपवे यो दोस्रो भएको बताउनु भयो। पहिलो रोपवे पाल्पामा निर्माण भएको छ। जिरो इनर्जीमा चल्ने रोपवे निर्माण गर्ने कार्य ठूलो नभएको चर्चा गर्दै

भट्टले यसलाई निरन्तर रुपमा सञ्चालन गर्न सक्नु ठुलो कुरा भएकाले यसको निरन्तरताका लागि स्थानीय सरकार र किसानको महत्वपूर्ण भूमिका हुने बताउनु भयो। अहिले रोपवेबाट सामान उकाल्दा र ओराल्दा प्रतिकिलोको दुई रुपैयाँ लिने गरिएको छ। जसमा ७५ प्रतिशत अपरेटरलाई र २५ प्रतिशत रोपवेको मर्मतमा खर्च गर्ने निर्णय गरिएको छ। यस रोपवेमा कुचिबाङबाट ९० किलो सामान काँडाबगर ओराल्दा काँडाबगरबाट ३० किलो सामान कुचिबाङ पुग्ने गरेको छ। सामान लोड गरी उकाल्दा र ओराल्दा काँडा बगर र कुचिबाङमा बस्ने अपरेटरले रोपवेको तारमा लट्ठीले हान्ने गरेका छन्। एक पटक लट्ठीले तारमा हान्दा रोक्ने र २ पटक हान्दा सामान पठाउने संकेत रहेको छ।

रुपवे सञ्चालनमा आएसँगै भूमे गाउँपालिकाले कुचिबाङलाई कृषि नमुना गाउँ बनाउने योजना बनाइरहेको भूमे गाउँपालिका अध्यक्ष होम प्रकाश श्रेष्ठले बताउनु भयो। रोपवे सञ्चालनको लागि काँडाबगरबाट बजारको सामान ३० किलो माथि उकाल्दा अब कुचिबाङबासीले एक पटकमा ९० किलो उत्पादन काँडा बगर झार्न सक्ने कि नसक्ने भन्ने चुनौती थपिएको भन्दै अध्यक्ष श्रेष्ठले त्यस चुनौतीलाई सामना गर्ने गरी कृषिमा काम गर्ने बताउनु भयो। गाउँको उत्पादन बजारिकरणको लागि भूमेमै रहेको मारिङ बहुउद्देश्यीय सहकारी लगायत अरुसँग पनि सहकार्य गर्ने भूमे गाउँपालिकाले जनाएको छ। जिल्लामै पहिलो पटक रोपवे निर्माण भएपछि किसानहरु उत्साहित भएका छन्।





# केही समयमै रुकुम (पूर्व) जिल्लाभर पूर्ण विद्युतीकरण गर्ने छौं

**सुरेश चौधरी**
**प्रमुख,** नेपाल विद्युत प्राधिकरण रुकुम (पूर्व)

**रुकुम (पूर्व) मा नेपाल विद्युत प्राधिकरणको कार्यालय कहिलेदेखि स्थापना भएको हो?**

नेपालको एक मात्रै सरकारी विद्युत प्रदायक संस्था नेपाल विद्युत प्राधिकरणको रुकुम (पूर्व)मा २०७६ असोज १२ गते कार्यालयको स्थापना भएको हो। म यस कार्यालयको प्रमुखको रुपमा विगत २ वर्षदेखि कार्यरत छु।

**रुकुम (पूर्व)मा विद्युत विस्तारको अवस्था कस्तो छ?**

२०७६ असोजसम्म रुकुम पूर्वको वितरण केन्द्र नेपाल विद्युत प्राधिकरण रुकुम पश्चिम बितरण केन्द्रअन्तर्गत रहेकोमा २०७६ असोजबाट बेग्लै वितरण केन्द्र स्थापना भएको हो। हाल रुकुम (पूर्व) वितरण केन्द्रअन्तर्गत सिस्ने गाउँपालिकाको वडा नं. ५ र ६ पूर्ण रुपमा विद्युतीकरण भएको छ भने अन्य वडाहरु ३, ४, ७ र ८ मा विद्युतीकरण कार्य भइरहेको छ।त्यसैगरी भूमे गाउँपालिकाअन्तर्गत वडा नं. १, २, ३, ४ र ५ मा ११ के.भी. प्रसारण लाइन विद्युतीकरण कार्य निर्माण भइसकेको छ भने र वडा १ को लुकुम क्षेत्र तथा वडा ५ को सेराबाङ, साकिम तथा अन्य स्थानमा विद्युतीकरण भइसकेको छ।

हाल पुथा उत्तरगंगा, भूमे र सिस्ने गाउँपालिकाअन्तर्गत विद्युतीकरण नभएको क्षेत्रमा नेपाल विद्युत प्राधिकरणअन्तर्गतको वितरण तथा ग्राहक सेवा निर्देशनालय प्रणाली सुदृढीकरण आयोजनाबाट प्रसारण तथा वितरण लाइन निर्माण कार्य २ वर्षभित्र सम्पन्न हुने गरि कार्य सुरु भइसकेको छ।

**नेपाल विद्युत प्राधिकरणको सव-स्टेसन कहाँ रहेको छ ? र कसरी काम गर्नु भएको छ?**

यस वितरण केन्द्रअन्तर्गत सव-स्टेसन नरहेकोले हाल रुकुम पश्चिम वितरण केन्द्रअन्तर्गतको धैरेनीचौरमा ३३/११ के.भी.को सव-स्टेसन रहेको छ। उक्त सव-स्टेसनमा २ ओटा फिडर रहेको छ।जसमा रुकुम पश्चिमको त्रिवेणीमा फिडरबाट

रुकुम (पूर्व) तथा रुकुम पश्चिमको विभिन्न स्थानमा प्रसारण लाइन वितरण गरिएको छ।

**अहिले विद्युत विस्तार गर्ने क्रममा तपाईंको कार्यालयले कस्तो सेवा प्रवाह गर्नुभएको छ?**

रुकुम (पूर्व) जिल्लाको केही स्थानमा प्रसारण तथा वितरण लाइन निर्माण भई विद्युत विस्तार कार्य भएको र बाँकी स्थानहरुमा लाइन बिस्तार कार्य हुने क्रममा रहेको छ। साथै यस कार्यालयले लाइन विस्तार भएको भूमे गाउँपालिका अन्तर्गत काँक्री नो-लाइट सञ्चालन सुरुवात गर्दैछ।

**नियमित विद्युत प्रसारण नहुँदा स्थानीयवासीले गुनासो गरिरहेको पाइन्छ, यसमा तपाई के भन्नुहुन्छ?**

रुकुम (पूर्व) वितरण केन्द्रअन्तर्गत आफ्नो कुनै पनि सब-स्टेसन तथा यस क्षेत्रमा कुनै पनि हाइड्रोपावर नहुँदा हाल तुलसीपुरबाट ३३ के.भी. लाइन सल्यान हुँदै रुकुम पश्चिमको धैरेनीचौरसम्म र उक्त सब-स्टेसनबाट ११ के.भी. प्रसारण लाइन रुकुम (पूर्व)को भूमे गाउँपालिकाको लुकुम क्षेत्रसम्म पुगेको छ।

कुनै पनि क्षेत्रमा प्रसारण लाइन बिग्रेको खण्डमा मर्मत कार्य गर्न रुकुम पश्चिमको धैरेनीचौरको सब-स्टेसनबाट नै लाइन काट्नुपर्ने हुँदा केही समय विद्युत अवरुद्ध हुने गर्छ। त्यस्तो बेला स्थानीयबासीको गुनासो आउने गरेको छ। कार्यालयले जतिसक्दो चाँडो मर्मत गरेर विद्युत नियमित सुचारु गरिएको छ।

**रुकुम (पूर्व) जिल्लाभरमा कति घरधुरीले विजुली बाल्न पाएका छन्?**

समग्रमा रुकुम (पूर्व) जिल्लाभर २ हजार १ सय घरधुरीले विजुली बाल्न पाएका छन्। बाँकी रहेका घरधुरीमा पनि हामी छिट्टै विद्युत सेवा पु-याउन अहोरात्र खटिरहेका छौं। केही समयमै हामी जिल्लाभर पूर्ण विद्युतीकरण गर्नेछौं।

**विद्युत प्रसारण लाइनमा देखिएको समस्या कसरी समाधान गर्नु भएको छ?**

विद्युत प्रसारण लाइनमा देखिएको समस्यालाई समाधान गर्नको लागि प्रसारण लाइनको नजिक रहेका रुखहरु बेला-बेलामा बुस-कटिङ कार्य गर्ने गरिएको छ। हाल रुकुम पश्चिमको त्रिवेणी फिडरबाट मात्र आउने प्रसारण लाइनलाई खलंगा फिडरबाट पनि लाइन सञ्चालन गरिएको छ।

**नियमित विद्युत प्रसारण नहुनुको कारण के हो? साथै विद्युत सामग्रीहरु जथाभावी छरपष्ट भएका छन्, किन यस्तो भएको हो?**

प्रसारण लाइनको लम्बाई धेरै हुनु र जंगल क्षेत्र धेरै हुनुको कारणले नियमित विद्युत प्रसारण गर्न समस्या रहेको छ। यसलाई हामी कम गर्ने र सुधार गर्नेमा लागिरहेका छौं।

विद्युत सामग्रीको विषयमा त रुकुम (पूर्व) वितरण केन्द्रअन्तर्गत हाल ठेकेदारले प्रसारण तथा वितरण लाइनको निर्माण कार्य गरिरहेको हुँदा त्यस्तो देखिन गएको हो।

**विद्युतबाट हुने दुर्घटनाबारे कस्तो कदम चाल्नुभएको छ? सचेतनाका लागि सेवाग्राहीलाई कस्तो सन्देश दिनुभएको छ?**

विद्युतबाट हुने जोखिम, करेन्ट लाग्न सक्ने अवस्था, विजुली तथा त्यसबाट चल्ने मेसिन, घरमा बत्ती बाल्दा पु-याउनु पर्ने सावधानी र तार चुडेको वा सर्ट भई हुन सक्ने खतराबाट बच्न अपनाउनु पर्ने उपाय, पूर्वसतर्कता बारेमा रुकुम (पूर्व) जिल्लाका रेडियोमार्फत् नियमित सन्देश दिइरहेका छौं। ठाउँ ठाउँमा फ्ल्याक्स बोर्डहरु राखिएको छ। सार्वजनिक स्थान र कार्यालयहरुमा पनि सूचनामूलक जानकारी राख्ने गरिएको छ।

**यहाँका कतिपय जनताको गुनासो छ- विद्युत प्राधिकरणको काम पोल गाड्ने र तार तान्ने मात्र हो विजुली ल्याउँदैन भन्ने। कार्यालय प्रमुखको नाताले तपाईं के भन्नुहुन्छ?**

हाल हाम्रो जिल्लामा विद्युतीकरणका लागि पोल गाड्ने र तार तान्ने कार्य भइरहेको छ। प्राधिकरणले ग्राहकहरुलाई विद्युत सेवा उपलब्ध गराउन निर्माण गरेको वितरण प्रणालीका विद्युतीय संरचना (तार, पोल, ट्रान्सफर्मर) लगायत आवश्यक सामग्री प्रक्रिया र मापदण्ड कार्यान्वयनमा राखेर प्राधिकरणले विद्युतीय संरचना स्थानान्तरण सम्बन्धी काम गरिरहेका छौं। प्राधिकरणले अवरुद्ध भएको विद्युत लाइन प्राविधिक जाँच गरि सम्भव देखिएपछि ११ केभी र ३३ केभीसम्मको लाइनको तार, पोल र त्यसमा जडान भएको ट्रान्सफर्मर लगायतका संरचनाको स्थानान्तरण गरिएको छ। जनताको गुनासोलाई हामी ध्यानमा राखेर काम गरिरहेका छौं।

**विद्युतमा भएको जोखिम न्यूनीकरण पूर्वतयारी कस्तो रहेको छ?**

विद्युतमा भएको जोखिम न्यूनीकरणको लागि यस कार्यालयका प्राविधिकलाई लाइन मर्मत कार्य गर्दा सुरक्षाका मापदण्ड पूरा गरेर मात्रै काम गर्ने व्यवस्था मिलाइएको छ। नयाँ विद्युत लाइन सञ्चालन गर्दा र वर्षातमा बढी जोखिम हुने हुँदा सो समयमा हुनसक्ने दुर्घटनालाई मध्यनजर गर्दै रेडियोमार्फत् सूचना प्रसारण गर्ने, सार्वजनिक स्थल, कार्यालयमा सूचना राख्ने गरिएको छ।

**अन्तमा थप केही भन्नु छ कि?**

नेपाल विद्युत प्राधिकरण रुकुम (पूर्व) वितरण केन्द्रअन्तर्गत जिल्लाका ३ वटा गाउँपालिकामा विद्युत विस्तार कार्य भइरहेको छ। त्यस्तै रुकुम (पूर्व)को काँक्रीमा नयाँ सव-स्टेसन निर्माण भइरहेको भने उक्त सव-स्टेसनमा रोल्पाबाट ३३ के.भी. लाइन आउने हुँदा भविष्यमा यस जिल्लाको विद्युत नियमित हुनेछ। हालको लागि रुकुम पश्चिमको धैरेनीचौर सव-स्टेसनबाट रुकुम (पूर्व)को लागि नयाँ फिडर निर्माणको फाइल अघि बढेको छ। यस पत्रिकामार्फत् हाम्रो कार्यालयले गरिरहेको कामबारे सबैलाई जानकारी गराउने अवसर दिनुभएकोमा बालारामजी र भूमे साप्ताहिक परिवारलाई धन्यवाद।

*प्रस्तुतिः बालाराम शेर्पाली*

# बाह्र भदौ र हाम्रो संस्कृति



तिलक रोका मगर

बाह्र भदौ दुई मास उभेली र उधेलीअन्तर्गत उधेलीमा मनाइने भदौको बाह्र गते मनाइन्छ। मानव जीवनको उत्पत्तिसँगै आफू बाँच्न, भोक टार्न, जंगलमा कन्दमुल र अन्य जडिबुटीका साथै घना जंगलहरुमा शिकार गरेर आफ्नो जीविकोपार्जन गर्ने क्रममा विभिन्न जडिबुटीहरु खान मिल्ने र खान नमिल्ने च्याउ, वनस्पति र फलफूल खानलाई परीक्षण गरे। परीक्षणको क्रममा कसैले ज्यान पनि गुमाए। जो पुर्खाको योगदानको कारण हामी आफ्नो शरीरलाई कुनै क्षति नगरी जंगलमा पाइने सबै चीज प्रयोग गर्न पाएका छौं।

## बाह्र भदौ

जब मानवको विस्तार हुँदै गयो, मानव त्रासका कारण वन्यजन्तु टाढा भागे। मानव बस्ती पनि जंगलभन्दा उब्जनी हुने ठाउँतिर बसाई सरे। अन्नजन्य र फलफूलले मात्र उनीहरुको आहारा पूरा भएन। मासुजन्य खाना खानको लागि शिकार गर्न जानुपर्ने भएकोले शिकार गर्न एक महिनालाई पुग्ने खाना बोकी बुकी जंगल र पाटन पुग्छन्। श्रावणको महिना श्रावणे संक्रान्ति मानेर निस्किएका शिकारीहरु एक महिनासम्म शिकार गर्छन्। शिकार गर्न धनुष र वाणको सहायत लिएर गएका शिकारी विभिन्न वन्यजन्तु मारेर भदौमा घर फर्किन्थे।

कुनै समय एक शिकारी बुकीमा एक महिना शिकार गर्दा पनि कुनै पनि शिकार उसको आहारामा आउँदैनन्, अर्थात मार्न सक्दैन। उ

निराश भएर घर फर्कन्छ, घर पुग्दा उसको श्रीमती बाहिर ढोकामा निस्कन्छिन्। आफ्नो श्रीमानलाई नियाल्ने बित्तिकै शिकारी श्रीमानको मुखबाट आगोको मुस्लो निस्कन्छ। श्रीमती बेहोस भएर ढल्छिन् र उठ्न नसकी त्यही उनको मृत्यु हुन्छ। यसरी गाउँका जान्नेमान्ने जम्मा भएर नियाल्छन्, श्रीमान एकोहोरिएको हुन्छ। गाउँका जान्ने मान्नेले उ एक महिनासम्म शिकार गएर शिकार गरेर कुनै शिकार आफ्नो आहारामा नपरेपछि घरमा आउँदा आफ्नो श्रीमतीको पुरस खाएको र श्रीमतीको मृत्यु भएको भन्ने भनाई रहिआएको छ। शिकारी जंगलमा शिकार गर्न जंगल गए भने शिकार गरेर आउने शिकारीहरुलाई शिकार लिएर आवस् या नलिएर, उसलाई एउटा घर पालुवा कुखुरा, सुँगुर जंगलबाट आउने बित्तिकै खान दिएपछि यो अनिष्ट हुँदैन भनि कुखुरा, सुँगुर या बोको कुनैमा एक बाह्र भदौको दिनमा खाएर बाह्र भदौ मनाउने प्रचलन शुरुवात भएको पुर्खाहरु बताउँछन्।

जब बाह्र भदौ आउँछ, लेक बुकी गएका पुरुषहरु घर आई कसैले कुखुरा, कसैले सुँगुर र कसैले बोको घर भित्र नपस्दै बाहिरै घरका गृहिणीहरु ढोकाको संघारमै शिरमा पगरी र बटुकोमा रक्सी लिई हंस पुरस या आहारा मेटाउन मार बाहिरै मारेर भित्र प्रवेश गर्छन्। यसरी घर पालुवा कुखुरा, संुगुर खाएपछि घरमा कुनै पनि अनिष्ट नभएको र शिकारी खुशी भएको मानिन्छ। यसरी आजभोलि पनि यदि बुकी गएको छैन भने पनि बाह्र भदौ मान्ने व्यक्तिलाई एक छिनको लागि बाहिर पठाएर उ आउने बेलामा मार तम्तयार गरी माथिकै जस्तै कुखुरा खाएर बाह्र भदौ मनाउँछन्। यसरी बाह्र भदौ मान्ने प्रचलन कालान्तरदेखि नै मान्दै आएको बुझिन्छ।

बाह्र भदौमा प्रायःजसो एक घरमा एक जनाले मात्र मार खान्छन्। तर आजभोलि घरमा कति जना पुरुष छन् त्यति जनाले नै मानेको पनि कतै कतै पाइन्छ। एक पटक बाह्र भदौ मानेपछि अर्को पटक पनि मान्नै पर्ने चलन छ। किनभने उसको पुरसले एक वर्षको बाह्र भदौ कुरिरहेको हुन्छ। यदि उसले बाह्र भदौ मानेन भने बिरामी हुन्छ भन्ने चलन छ।

### शिकारसँगै भदौ महिनामा ल्याउने जडिबुटीहरु

जब शिकार गर्न श्रावणको महिना बुकीतिर लाग्छन्। त्यहीबाट बिभिन्न किसिमका जडिबुटी भदौ महिनामा खने वा टिपे मन्त्र लाग्ने हुन्छ। भदौमा लिएका जरमुथा सर, चमेली, निङ आदि मन्त्र तन्त्रलगायत औषधीको रुपमा प्रयोग गरिन्छ। अझैं पनि निङको प्रयोग गरेको पाइन्छ। बुकीबाट लिएका जडिबुटी र बगरमा हुने बाह्र भदौका दिन टिपेको बाह्र बोटको टिमुर औषधीको रुपमा प्रयोग गरेको पाइन्छ। लेकबाट पुरुषले जडिबुटी लिएर आउँछन् भने बगरमा महिलाले टिमुर टिपेको पाइन्छ। यसको केही कथा माघीमा गाउने स्याम्बो गीतमा पनि गाएको पाइन्छ।

*भूमे गाउँपालिका- ३ क्याङ्सी*

**लोकसेवा आयोग, शिक्षक सेवा आयोग, हाजिरी जवाफ प्रतियोगिताका लागि उपयोगी**

**१. आसियानको नयाँ महासचिवमा को नियुक्त भएका छन् ?**

≅ काओ किम हर्न (सन् २०२३ जनवरी १)

**२. अन्तर्राष्ट्रिय युवा वैज्ञानिक पुरस्कार-२०२३ प्राप्त गर्ने नेपाली को हुनुहुन्छ ?**

≅ डा. घनश्याम ज्ञवाली

**३. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय परिसरमा कृत्रिम फोक्सो जडान कहिले गरिएको हो ?**

≅ विसं २०७९ चैत २४

– वायु प्रदूषणको अवस्था एवं हावाको स्वच्छता जाँच गर्ने उद्देश्यका साथ विश्व स्वास्थ्य दिवसको अवसर पारी फोक्सो जडान गरिएको हो। आइक्यु एयरद्वारा सन् २०२२ मा सार्वजनिक वायु गुणस्तर सम्बन्धी तथ्याङ्क अनुसार विश्वका १३१ देशमध्ये धेरै प्रदूषण हने मुलुकमा नेपाल १६ औं स्थानमा रहेको छ। वायु प्रदूषण र यसले स्वास्थ्यमा पार्ने प्रभावबारे आमसर्वसाधारण र सम्बन्धित सरोकारवालालाई सचेत गराउनुका साथै मास्क लगाउने र चरम वायु प्रदूषणको समयमा घरबाट बाहिर ननिस्कनेलगायतका कदम अपनाउन प्रोत्साहित गर्ने विश्वास लिइएको छ।

**४. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको कुलपतिमा नियुक्त हुने पहिलो महिला कुलपति को हुनुहुन्छ ?**

≅ निशा शर्मा पोखरेल (विसं २०७९ फागुन)

**५. सन् २०२३ मे मा युएनपीद्वारा सार्वजनिक टर्निङ अफ दि रिपोर्ट केसँग सम्बन्धित छ ?**

≅ प्लास्टिक प्रदूषण नियन्त्रण

**६. अन्तर्राष्ट्रिय वित्त निगम र नेपाल उद्योग वाणिज्य महासङ्घद्वारा सन् २०२३ मा संयुक्त रूपमा तयार गरिएको प्रतिवेदन अनुसार नेपालको अर्थतन्त्रमा निजी क्षेत्रको योगदान कति रहेको छ ?**

≅ ८१ प्रतिशत

**७. ब्रिक्स न्यु डेभलपमेन्ट बैङ्कमा हाल कति सदस्य राष्ट्र रहेका छन् ?**

≅ नौ (नवौं राष्ट्र इजिप्ट, सन् २०२३ फेब्रुअरी २०)

**८. पाण्डाको औसत उमेर कति हुन्छ ?**

≅ २० वर्ष (प्राकृतिक वासस्थानमा पाण्डाको औसत आयु २० वर्षको हुन्छ। मानव रेखदेख र स्याहारसुसार पाउँदा थप १० वर्ष बाँच्न सक्ने अध्ययनले देखाएको छ।

**९. राष्ट्रिय साइबर सुरक्षा नीति-२०८० अनुसार विश्वव्यापी साइबर सुरक्षा सूचकाङ्कमा नेपालको स्कोर आगामी पाँच वर्षमा कति पु¥याउने लक्ष्य छ ?**

≅ ६०

**१०. योगमाया राष्ट्रिय पुरस्कार-२०८० कसलाई प्रदान गरियो ?**

≅ पवन आलोक

**११. फादर अफ हिमालयन स्टडिज भनी कसलाई चिनिन्छ ?**

≅ ब्रायड हड्सन

*प्रस्तुतिः टंक केसी/गोरखापत्र दैनिकबाट साभार*

# एन्टिवायोटिकको प्रयोग र त्यसका असर



**- नारायण ओली**

**परिचय**

- Antimicrobial resistance (AMR) विश्व स्वास्थ्यसँग जोडिएको विषय हो।
- विश्व स्वास्थ्य संगठन (WHO) ले AMR लाई प्रमुख १० विश्व जनस्वास्थ्यको खतराको रुपमा घोषणा गरेको छ ।
- एन्टिमाइक्रोवियल औषधीविरुद्ध किटाणुहरुले प्रतिरोधी क्षमताको वृद्धि विकास गर्ने क्षमता दिनानुदिन बढ्दै गएको हुँदा यो विषय अहिले विश्वव्यापी रुपमा केन्द्रीत छ ।
- सन १९२८ मा अलेक्जाण्डर फ्लेमिंग (Alexander Fleming) ले पेनिसिलिन (Penicillin) नामक एन्टिवायोटिक आविस्कार गरेका हुन्।
- विश्वमा एन्टिमाइक्रोवियल रेसिस्टेन्स अहिलेकै अवस्थामा वृद्धि भइरहने हो भने सन् २०५० सम्ममा यसबाट मृत्यु हुनेको संख्या प्रतिवर्ष १ करोड पुग्ने अनुमान विश्व स्वास्थ्य संगठनले गरेको छ।
- विश्व स्वास्थ्य संगठनले सन् २०१९ मा एन्टिमाइक्रोवियल प्रतिरोधको बढ्दो चुनौती विश्व स्वास्थ्यका लागि सवैभन्दा ठूलो खतरा हो भनी चेतावनी दिएको छ।

**एन्टिमाइक्रोवियल (Antimicrobial)**

- किटाणु/माइक्रोवियल (Microbial) भन्नाले जिवाणु (Bacteria) विषाणु (Viral) ढुषि (Fungus) परजिवी (Parasite) लाई जनाउँछ र मानिस, पशुपन्छी तथा वोटविरुवामा संक्रमण हुने यस्ता किटाणुलाई नष्ट गर्ने वा वृद्धि विकास रोक्ने औषधीलाई एन्टिमाइक्रोवियल भनिन्छ।
- एन्टिमाइक्रोवियलले एन्टिबायोटक (Anitibiotics), एन्टिभाइरल (Antiviral)

एन्टिफङ्गल (Antifungal) तथा एन्थेलमिन्टिक्स (Anthelmentic) समेतलाई समेट्दछ।

**एन्टिमाइक्रोवियल रेसिस्टेन्स** Antimicrobial Resistance

- एन्टिमाइक्रोवियल्स औषधीले किटाणुहरुलाई मार्न नसक्नु वा किटाणुको वृद्धि विकासलाई रोक्न नसक्नुलाई एन्टिमाइक्रोवियल रेसिस्टेन्स भनिन्छ।
- एन्टिमाइक्रोवियल रेसिस्टेन्स त्यस्तो अवस्था हो जुन अवस्थामा व्याक्टेरियाहरुले आफुलाई मार्न औषधी पचाएका हुन्छन्।
- एन्टिमाइक्रोवियल औषधीको अत्याधिक तथा अनुचित प्रयोगले गर्दा किटाणुहरुले उक्त एन्टिमाइक्रोवियल औषधीकप विरुद्ध प्रतिरोध क्षमताको विकास गर्छ।
- रेसिस्टेन्ट किटाणु भएका पशुपन्छी वा मानिसका दिसा पिसाब तथा पशुजन्य पदार्थ (दुध, फूल, मासु) को माद्यमबाट अन्य पशुपन्छी मानिस वा वातावरणमा रेसिस्टेन्ट व्याक्टेरिया सर्ने गर्दछ।
- कुनै पनि एन्टिमाइक्रोवियललाई प्रतिरोध गर्न सक्ने क्षमता भएको किटाणुलाई सुपर वग (Superbug) भनिन्छ।
- एन्टिमाइक्रोवियल रेसिस्टेन्ट हुनुमा मुख्यतया निम्न तत्वहरुले असर गर्दछ-
  - ❖ एन्टिमाइक्रोवियल औषधिहरुको अनुचित प्रयोग (Misuse of antimicrobials)
  - ❖ एन्टिमाइक्रोवियल औषधिहरुको अधिक प्रयोग (Overdose) वा कम प्रयोग (Underdose)
  - ❖ एन्टिमाइक्रोवियल औषधिहरुको न्युन गुणस्तर।
  - ❖ जनचेतनाको कमि र नीति, कार्यविधि तथा मापदण्डहरुको कार्यान्वयनमा समस्या
- Antimicrobial प्रतिरोध मुख्य तीन प्रकारले विकास हुन्छ-
  - ❖ प्राकृतिक प्रतिरोध
  - ❖ अनुवांशिक उत्परिवर्तन
  - ❖ एक प्रजातिले अर्को प्रजातिवाट प्रतिरोध गर्ने क्षमता ग्रहण गरेर।

**एक स्वास्थ्य अवधारणा** (One health approach)

- एन्टिमाइक्रोवियल रेसिस्टेन्सको समस्यालाई न्यूनीकरण गर्न एक प्रयासबाट सम्भव हुदैन। तसर्थ बहुक्षेत्रीय प्रयासले मात्र सम्भव हुने भएकोले एक स्वास्थ्य नीति अवलम्वन गरिएको हो।
- एक स्वास्थ्य रणनीतिले मानिस, पशुपन्छी र बोटविरुवाको स्वास्थ्य एक आपसमा जेलिएको छ। तसर्थ यी तिनवटै क्षेत्रलाई एकीकृत रुपमा योजना कार्यान्वयन गरिनुपर्छ भन्ने भाव व्यक्त गर्दछ।
- एन्टिमाइक्रोवियल रेसिस्टेन्स समस्या विरुद्ध काम गर्न त्रिपक्षीय (WHO, FAO and OIE) समन्वयमा एक स्वास्थ्य अवधारणामा काम भइरहेको छ।
- यही चिन्तालाई सम्वोधन गर्न विश्व स्वास्थ्य संगठनले सन २०१५ देखि एन्टिबायोटिक्सः जिम्मेवारीपूर्वक प्रयोग गरौं (Antibioties Handle with Care) नाराका साथ विश्वभर विश्व एन्टिवायोटिक जनचेतना सप्ताह (World AntibioticAwareness Week) नाममा साताव्यापी सचेतना अभियान समेत सुरु गरेको थियो।
- सन २०२० बाट यस अभियानको नाममा थोरै परिवर्तन गरी विश्व एण्टिमाइक्रोवियल

जनचेतना सप्ताह (World Antimicrobial Awareness Week) भनिन्छ र २०२० देखि एन्टिमाइक्रोवियलस: जिम्मेवारीपूर्वक प्रयोग गरौं (Antibioties Handle with Care) नारा राखिएको छ।

**एन्टिमाइक्रोवियल रेसिस्टेन्स समस्या समाधानका अन्तर्राष्ट्रिय रणनीतिहरु**

क. विश्व स्वास्थ्य संगठनले एन्टिमाइक्रोवियल रेसिस्टेण्ट न्यूनीकरणको लागि विश्वाव्यापी कार्य योजना २०१५ मा निम्नानुसारका ५ वटा रणनीतिहरु सार्वजनिक गरेको छ-

१. एन्टिमाइक्रोवियल प्रतिरोध सम्बन्धमा जनचेतना जागृत गराउने।
२. सर्भिलेन्स र अनुसन्धान मार्फत एन्टिमाइक्रोवियल प्रतिरोधको स्थिती आंकलन गर्ने
३. संक्रमणको दर घटाउने।
४. एन्टिमाइक्रोवियलहरुको मानव स्वास्थ्य र पशुपन्छी पालनमा अनावश्यक प्रयोग घटाउने।
५. नयाँ औषधिहरु खोप,रोग निदान विधिहरु पत्ता लगाउन लगानी वृद्धि गर्ने।

ख. यसैगरी विश्व खाद्य तथा कृषि संगठनले विश्व स्वास्थ्य संगठनको कार्य योजनालाई सहयोग पुग्नेगरी निम्नानुसारको ४ वटा रणनीतिहरु सार्वजानिक गरेको छ:

१. एन्टिमाइक्रोवियल प्रतिरोध तथा प्रयोग सम्बन्धमा जनचेतना जागृत गर्ने र पैरवी गर्ने।
२. खाद्य तथा कृषि क्षत्रमा एन्टिमाइक्रोवियल प्रतिरोध तथा एन्टिमाइक्रोवियल प्रयोगको बारेमा सर्भिलेन्स र अनुगमन गर्न क्षमता विकास गर्ने।
३. खाद्य तथा कृषि प्रणालीमा असल अभ्यासको प्रबर्धन गर्ने र एन्टिमाइक्रोवियल औषधीको न्यायोचित प्रयोग गर्ने।
४. सबै क्षेत्रमा सुशासन कायम गर्ने।

ग. त्यसैगरी विश्व पशु स्वास्थ्य संगठनले पनि एण्टिमाइक्रोवियल औषधीको प्रतिरोध न्यूनीकरण गर्न निम्नानुसार ४ वटा रणनीतिहरु सार्वजनिक गरेको छ:

१. एन्टिमाइक्रोवियल प्रतिरोध तथा प्रयोग सम्बन्धमा जनचेतना जागृति गर्ने।
२. सर्भिलेन्स र अनुसन्धानमार्फत् एन्टि-माइक्रोवियल प्रतिरोधको स्थिति आंकलन गर्ने।
३. सुशासन र क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने।
४. अन्तर्राष्ट्रिय मापदण्डहरुको कार्यान्वयन गर्ने।

**एन्टिबायोटिक रेसिड्यु**

- पशुपन्छीमा प्रयोग भएको एन्टिबायोटिक्स औषधीको अवशेष उनीहरुको मासु, दुध तथा अन्डामा रहनुलाई एन्टिबायोटिक रेसिड्यु भनिन्छ र यसलाई अर्को शव्दमा एन्टिमाइक्रोवियल रेसिड्यु (Antimicrobial residue) पनि भनिन्छ।
- पशुपन्छीमा एन्टिवायोटिक औषधिहरु सामान्यतया निम्न उद्देश्यको लागि प्रयोग हुने गर्दछ-
  - ❖ रोगको उपचारको रुपमा
  - ❖ रोगको रोकथामको रुपमा
  - ❖ उत्पादकत्व बढाउन
- यसरी प्रयोग गरिएका एन्टिबायोटिक्सहरु पशुपन्छीको शरिरमा तुरुन्त निश्कासन हुँदैन र औषधीको प्रयोग अनुसार हुन्छ।

एन्टिवायोटिक्स औषधीहरुको अवशेष केही दिनदेखि केही हप्तासम्म मासुमा रहन्छन् वा दुध तथा अण्डामा निस्कासन हुने गर्दछन्।

- थोरै मात्रामा एन्टिवायोटिकको अवशेष हुनुलाई स्विकार्य मानिन्छ तर अधिक अवशेष भएमा त्यस्ता पशुपंछीजन्य पदार्थलाई उपभोग गर्न स्विकार्य हुँदैन्। अधिक अवशेषको मात्रालाई Maximum Residual Limit (MRL) भनिन्छ।
- पशुसेवा विभागले निर्माण गरेको ब्रोइलर कुखुरा व्यवस्थापन सम्बन्धी मापदण्ड २०६४ मा निर्धारण भए बमोजिम कुखुराको मासुमा निम्न भेटेरीनरी औषधीहरुको MRL मात्रा निम्न रहेको छ।
- एन्टिवायोटिक औषधिहरुको अवशेष रहेको पशुपन्छीजन्य पदार्थको सेवन गरेमा सेवन गर्ने उपभोक्तालाई निम्न दुई प्रकारको असर गर्दछ।
- एन्टिवायोटिक अवशेषको लामो सेवनको कारण सेवन गर्ने उपभोक्ताको शरिरको विभिन्न अंगमा असर गर्दछ।
- एन्टिवायोटिक एन्टिमाइक्रोवियल रेसिस्टेन्ट जिवाणुको स्थानान्तर हुन सक्छ।
- पशुपन्छीजन्य पदार्थमा एन्टिवायोटिकको अवशेष जाँच गर्न विभिन्न विधिबाट गर्न सकिन्छ। जस्तै Rapid test Elise test
- एन्टिवायोटिक्स रेसिड्यु न्यूनीकरण गर्न अपनाउन सकिने उपायहरु निम्न रहेका छन्।
- एन्टिवायोटिक औषधीहरुको कम प्रयोग गर्ने र गर्नुपर्ने भएमा लामो समयसम्म प्रयोग नगर्ने।
- एन्टिवायोटिक औषधीहरुको मात्रा लेवलमा भए बमोजिम मात्र प्रयोग गर्ने।
- एन्टिवायोटिक औषधीको अवधि ख्याल गरेर मात्र पशुपन्छीजन्य पदार्थको विक्री वितरण तथा उपभोग गर्ने।

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
(शिक्षा,युवा तथा खेलकुद शाखा)

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.(शिक्षा)०८०।०८१
च.नं. १५६
मिति:२०८०।०५।१०

श्री वडा कार्यालयहरु सबै,
भूमे गाउँपालिका,रुकुम पूर्व ।

विषयः सिफारिस गरी पठाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८०।०८१मा शिक्षा,युवा तथा खेलकुद शाखाको वार्षिक स्विकृत शैक्षिक कार्यक्रम अन्तर्गत यस गाउँपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालय र कार्यरत शिक्षकहरु मध्येबाट उत्कृष्ट कार्यसम्पादन गर्ने सामुदायिक विद्यलाय र शिक्षकलाई सम्मान तथा पुरस्कार कार्यक्रम सञ्चालनार्थ तहाँ वडाभित्र सञ्चालित सामुदायिक विद्यालय र शिक्षकहरु मध्येबाट उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक छनौट मार्गदर्शन,२०७८ बमोजिम उत्कृष्ट सामुदायिक विद्यालय र शिक्षक तपशिलको संख्यामा छनौट गरी मिति २०८०।०५।२५ भित्र यस कार्यालयमा आवश्यक कागजात सहित सिफारिस गरी पठाउन हुन अनुरोध छ ।

तपशिलः
विद्यालय तर्फ
माध्यमिक विद्यालय(९-१२)-१ वटा
आधारभूत विद्यालय(६-८)-१ वटा
आधारभूत विद्यालय(१-५)-१ वटा
शिक्षक तर्फ
माध्यमिक तह(९-१२) -१ वटा
आधारभूत तह(६-८)-१ वटा
आधारभूत तह(१-५)-१ वटा

बोधार्थः
श्री वडा कार्यालयहर सबै ।
श्री सूचना तथा अभिलेख केन्द्रःwebsite मा अपलोड गर्नु हुन ।

कौशल कुमार तिवारी
कौशल कुमार तिवारी
शिक्षा अधिकृत/शाखा प्रमुख

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
पशु सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
मिति:२०८०/०५/१०

प.सं. : ०८०/०८१
च.नं.: १८०

विषयः खोप माग सम्वन्धमा।

श्री वडा कार्यालय सबै,
भुमे गाउँपालिका, रुकुम (पूर्व)।

प्रस्तुत विषयमा लुम्विनी प्रदेश, कृषि तथा भूमी व्यवस्था मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, एकिकृत कृषि तथा पशुपन्छी विकारस कार्यलय रुकुमकोट, रुकुम (पूर्व)को च. नं. ५५ मिती २०८०/०५/०७ गतेको पत्रानुसार व्यहोरा अवगत गराउदै तहा वडामा आवश्यक पर्ने लम्पी स्किन विरुद्धको खोप ३ दिन भित्र माग गरिदिनुहुन अनुरोध छ।

तपसिलः

| क्र.श. | विवरण | खोप लगाउन मिल्ने गाईको संख्या (अनुमानित) | माग गरिएको खोपको संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | लम्पी स्किन रोग विरुद्धको खोप | | | |

(नारायण ओली)
नायव पशु सेवा प्राविधिक
नारायण ओली
पशु सेवा इकाई/केन्द्र प्रमुख